नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
भर्ना तथा छनौट शाखा, हलचोक, स्वयम्भु, काठमाण्डौ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०६/०७ गते, सूचना नं. ०२(०७९/०८०)

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, साधारण उपसमूह र कानून उपसमूहतर्फ उल्लेखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु. १०/- को टिकट टाँसी (स्वयं उपस्थित भई) आफुलाई पायक पर्ने सशस्त्र प्रहरी बल, नेपालको तोकिएको कार्यालयहरुमा दरखास्त फाराम बुझाउन सकिने गरी दरखास्त आहवान गरिएको छ ।

१. दरखास्त लिने मिति :- २०७९/०६/०७ गते विहान १०:०० बजे देखि २०७९/०७/०६ गते १७:०० बजे सम्म।

२. सम्पर्क मिति, समय र स्थान :-

(क) सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) मिति :-२०७९/०८/१५ गते ११:०० बजे सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाण्डौ ।

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) मिति :- २०७९/०८/१५ गते ११:०० बजे दरखास्त फाराम दर्ता गरेका सम्बन्धित कार्यालयहरुमा ।

३. आवश्यक पद संख्याः-

| सि.नं. | पद | विज्ञापन नम्बर | खुला | अमर/अशक्त स.प्र.क.सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| १. | सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह) | ०३(०७९/०८०) | ३८ | १ | ६ | ९ | १० | ५ | २ | ७१ |
| २. | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) | ०४(०७९/०८०) | ४ | - | १ | १ | १ | १ | - | ८ |
| ३. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) | ०५(०७९/०८०) | ४५ | २ | ६ | ११ | १० | ७ | २ | ८३ |

४. दरखास्त फाराम बुझाउने स्थानहरुः-

(क) सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) पदको लागिः-

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने सशस्त्र प्रहरी बल, नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ । | ०१-५२४९०२४ |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलबस्तु । | ९८५१२७२०७८ |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली । | ९८५१२७२०२७ |

(ख) सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) पदको लागिः-

| सि.नं. | दरखास्त फाराम वितरण तथा दर्ता गर्ने सशस्त्र प्रहरी बल, नेपालको कार्यालय तथा स्थान | सम्पर्क नं. |
|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, स्वयम्भु, काठमाण्डौ । | ०१-५२४९०२४ |
| २. | सशस्त्र प्रहरी बल, नेपाल नं. १ बराह बाहिनी मुख्यालय, पकली, सुनसरी । | ९८५१२७२०२९ |
| ३. | सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, बर्दिवास, महोत्तरी । | ९८५१२७२०२४ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, पोखरा, कास्की । | ९८५१२७२०२५ |
| ५. | सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय, चन्द्रौटा, कपिलबस्तु । | ९८५१२७२०७८ |
| ६. | सशस्त्र प्रहरी बल, नेपाल नं. ६ महेश्वरी बाहिनी मुख्यालय, बाङ्गेसिमल, सुर्खेत । | ९८५१२७२०२६ |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, अत्तरिया, कैलाली ॥ | ९८५१२७२०२७ |

५. नियुक्ति हुनको लागि आवश्यक न्यूनतम योग्यताः

| सि.नं. | पद | | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|
| १. | सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह) | (क) | विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा गरी २५ वर्ष ननाघेको, |
| | | (ख) | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको, |
| | | (ग) | पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तीमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तीमा ४२ के.जी. भएको, |
| | | (घ) | नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको, |
| | | (ङ) | पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने), |
| | | (च) | आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, |
| | | (छ) | प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको, (परीक्षाको क्रममा संचालन हुने) |
| | | (ज) | आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको, |
| | | (झ) | नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, |
| | | (ञ) | दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको, |
| | | (ट) | आतङ्ककारी संगठनको सदस्य नरहेको, |
| | | (ठ) | भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको, |
| | | (ड) | मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको, |
| | | (ढ) | नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) | (क) | विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पुरा गरी २५ वर्ष ननाघेको, |
| | | (ख) | मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातक उपाधि प्राप्त गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको, |
| | | (ग) | सशस्त्र प्रहरी निरीक्षक पदको (ख) बाहेकको अन्य योग्यता भएको । |
| ३. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) | (क) | विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको, |
| | | (ख) | मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरहको (+२) उपाधि प्राप्त गरेको, |
| | | (ग) | सशस्त्र प्रहरी निरीक्षक पदको (क) र (ख) बाहेकको अन्य योग्यता भएको । |

६. राजश्व दस्तुरः

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) | दरखास्त फाराम बुझाउँदा रु.१००० (एक हजार) बुझाउनु पर्ने छ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्ने छ एवं उक्त दस्तुर वापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राजश्व खाता नं. १०००१००२०००१००००, कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा राष्ट्रिय बाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको** खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । |
| २. | सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) | दरखास्त फाराम बुझाउँदा रु ३०० (तीन सय) बुझाउनु पर्ने छ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्ने छ । सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको **राजश्व बैंक खाता नं., कार्यालय कोड र राजश्व शिर्षक नं.** मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि १/१ प्रति दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्यता हुने छैन ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति । (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुको लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ज) **पिछडिएका** क्षेत्रका लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. परीक्षा विधिः

(क) प्रारम्भिक शारीरिक परीक्षण ।

(ख) शारीरिक सहिष्णुता ।

(ग) विस्तृत स्वास्थ्य परीक्षण ।

(घ) आई.क्यू. परीक्षाः सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) पदको लागि मात्र ।

(ङ) लिखित परीक्षा ।

(च) गुणमापक परीक्षाः सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) पदको लागि मात्र ।

(छ) विशेष स्वास्थ्य परीक्षण ।

(ज) अन्तर्वार्ता ।

पुनश्चः

(१) सशस्त्र प्रहरी निरीक्षक (साधारण उपसमूह र कानून उपसमूह) पदको लागि बुदा नं. ४ (क) मा उल्लेखित जुनसुकै कार्यालयमा दरखास्त फाराम बुझाएता पनि सम्पर्क लगायत सम्पूर्ण छनौट परीक्षाहरु मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा हुनेछ ।

(२) सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह) पदको लागि बुदा नं. ४ (ख) मा आफुलाई पायक पर्ने उल्लेखित सशस्त्र प्रहरी बल, नेपालको जुनसुकै कार्यालय/स्थानबाट दरखास्त फाराम दर्ता गर्न सकिने छ । सम्पर्क लगायत प्रारम्भिक शारीरिक परीक्षणदेखि लिखित परीक्षासम्म दरखास्त फाराम दर्ता गरिएका सम्बन्धित कार्यालयहरुमा नै परीक्षा संचालन हुनेछ । लिखित परीक्षाको नतिजा प्रकाशन लगायत सो भन्दा पछिका परीक्षाहरु मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय, भर्ना तथा छनौट शाखा, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा हुनेछ ।

(३) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कल प्रति साथमा लिई उपस्थित हुनु पर्नेछ ।

(४) हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ ।

(५) परीक्षा संचालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा संचालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बिचमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने छ ।

(६) बुदा नं. ६ को (१) र (२) को अतिरिक्त उमेदवारहरुको विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप शुल्क लाग्ने छ ।

(७) **बुदा नं. ८ (घ) र (ङ) मा उल्लेखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**

(८) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिने छ ।

| | | | |
|---|---|---|---|
| (क) खुला | (ख) महिला | (ग) आदिवासी/जनजाती | (घ) मधेसी |
| (ङ) दलित | (च) पिछडिएको क्षेत्र | (छ) अमर/अशक्त स.प्र.क. सन्तति | |

(९) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्ने छ (पुरुषको लागि मात्र) ।

(१०) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(११) **यस विज्ञापनसँग सम्बन्धित परीक्षा संचालन हुने परीक्षा केन्द्र, परीक्षा तालिका सम्बन्धित कार्यालयहरुबाट सम्पर्क मितिका दिन सूचना मार्फत जानकारी गराईने छ ।**

(१२) सशस्त्र प्रहरी नियमावली २०७२ को नियम १२ को उपनियम (५) बमोजिम लिखित परीक्षाको नतिजा प्रकाशन हुनु भन्दा अघि सम्म रिक्त हुन आएका पदहरुलाई समेत सोही विज्ञापनमा समावेश गर्न सकिने छ ।

(१३) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्ने छ ।

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग हलचोक काठमाडौं

नोटः-

(१) खुला प्रतियोगितामा भाग लिने राजपत्र अनङ्कित सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा ३० वर्ष ननाघेको र सशस्त्र प्रहरी जवान वा सशस्त्र प्रहरी अधिकृत आधारभुत तालिम लिएको हुनु पर्ने छ ।

(२) सम्पूर्ण पदको पाठ्यक्रम, आवेदन दिने दरखास्त फारम तथा परीक्षा संचालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np***, टोल फ्रि नं. ११११४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिने छ ।

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भू, हलचोक, काठमाडौं

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।